# समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८३

समितिबाट स्वीकृत मितिः २०८३।०३।१२

**प्रस्तावनाः** नेपाल सरकारबाट घोषणा गरिएको समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति बिक्री, उपयोग तथा व्यवस्थापन गर्न समस्याग्रस्त सहकारीमा धितोमा रहेको सम्पत्ति तथा सम्बन्धित संस्था वा संघको स्वामित्वमा रहेको सम्पत्ति समेतको लिलाम बिक्री सम्बन्धी प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउन आवश्यक भएकोले सहकारी ऐन, २०७४ को दफा १०६ को खण्ड (ड१) ले दिएको अधिकार प्रयोग गरी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(क) “ऐन” भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

(ख) “कायम बचत” भन्नाले समस्याग्रस्त सहकारी संस्था वा सङ्घका बचतकर्ताले अनलाइन मागदाबी गरेको रकममा समितिले दाबी पुष्टि नहुने रकम घटाई कायम गरेको बचत फिर्ता गर्न योग्य रकम सम्झनुपर्छ।

(ग) “जिन्सी मालसामान” भन्नाले समस्याग्रस्त संस्था वा सङ्घले खरिद वा अन्य माध्यमबाट प्राप्त गरेको खर्च भएर जाने मालसामान सम्झनुपर्छ र सो शब्दले समस्याग्रस्त संस्थाको वा संस्थाको लगानी रहेका सम्बद्ध व्यवसायको व्यापारिक मौज्दात, कार्यालय उपकरण तथा उपभोग्य सामान र

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

टुटफुट भई काम नलाग्ने अवस्थामा पुगेका स्क्रयाप वा कवाडी सामानहरूलाई समेत बुझाउँछ।

(घ) “न्यूनतम मूल्य” भन्नाले यस कार्यविधि बमोजिम सम्पत्ति वा जिन्सी मालसामान लिलाम बिक्री गर्नका लागि कायम वा सिफारिस गरिएको प्रारम्भिक वा न्यूनतम मूल्य सम्झनु पर्छ।

(ङ) “पञ्चकृत मूल्य” भन्नाले समितिले तोकेको मूल्याङ्कन टोली र सरोकारवाला प्रतिनिधिहरूको सामूहिक छलफल एवं बजार दरको विश्लेषणबाट निर्धारण गरिएको न्यूनतम लिलाम बिक्री मूल्य सम्झनु पर्छ।

(च) “मुल्याङ्कन टोली” भन्नाले समितिले लिलाम प्रयोजनको लागि

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति तथा जिन्सी मालसामानको मुल्याङ्कन गराउन गठन गरेको टोली सम्झनुपर्छ ।

(छ) "लिलाम" भन्नाले यस कार्यविधि बमोजिम समस्याग्रस्त सहकारी संस्था वा सङ्घको सम्पत्ति तथा जिन्सी मालसामान बिक्री गर्ने कार्य सम्झनु पर्छ।

(ज) "सम्पत्ति" भन्नाले समस्याग्रस्त घोषित सहकारी संस्था वा सङ्घको आफ्नो स्वामित्वमा रहेको, साविकमा ऋण लगानी गर्दा धितो सुरक्षण राखिएको वा संस्थाको रकम हिनामिना गरी सञ्चालक तथा सम्बद्ध व्यक्तिहरूले प्रत्यक्ष वा

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

अप्रत्यक्ष रूपमा आर्जन गरेको देहाय बमोजिमका चल, अचल, वित्तीय वा भौतिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट सिर्जित हक, हित, लाभ वा कानूनी अधिकार समेतलाई जनाउनेछः

(१) संस्थाको आफ्नै स्वामित्वमा रहेका सम्पत्ति : संस्थाको नाममा स्वामित्व (लालपुर्जा) कायम रहेको घर, जग्गा, भवन, गोदाम, सवारी साधन, कम्प्युटर, फर्निचर, सेयर लगानी, बैंक मौज्दात तथा संस्थाको सेफमा रहेको नगद वा अन्य सम्पत्ति।

(२) धितो सुरक्षण वापतका सम्पत्ति : संस्थाबाट ऋण प्रवाह गर्दा

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

प्रचलित कानून बमोजिम धितो बन्धक वा दृष्टिबन्धक पारित भई रोक्का रहेको ऋणी वा जमानतकर्ताको चल वा अचल सम्पत्ति।

(३) सञ्चालक, कर्मचारी तथा सम्बद्ध व्यक्तिको नाममा फेला परेका सम्पत्ति : सहकारी संस्थाको बचत रकम हिनामिना गरी साविकका सञ्चालक, व्यवस्थापक, कर्मचारी वा ऋणीले आफ्नो, आफ्नो परिवार वा नातेदारका नाममा खरिद गरी राखेको चल, अचल सम्पत्ति वा संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष लगानीमा सञ्चालित मार्ट, फार्म, कम्पनी, अस्पताल, उद्योग, जलविद्युत आयोजना वा यस्तै अन्य सम्पत्ति र सो

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

भित्रका भौतिक संरचनाहरू।

(झ) "सम्बद्ध व्यक्ति" भन्नाले समस्याग्रस्त सहकारीका साविकका सञ्चालक, लेखा समिति सदस्य, ऋण उपसमिति सदस्य, व्यवस्थापक, कर्मचारी, ऋणी र निजहरूका एकाघरका परिवारका सदस्य वा नातागोता भित्रका व्यक्ति सम्झनु पर्छ र सो शब्दले समस्याग्रस्त सहकारी संस्थाको कुनै आर्थिक कारोबारमा संलग्न अन्य व्यक्तिलाई समेत बुझाउँछ।

(ञ) "समस्याग्रस्त संस्था वा सङ्घ" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम मन्त्रालयले समस्याग्रस्त सहकारीका रुपमा घोषणा

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

गरेको कुनै वा सबै संस्था वा सङ्घ सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०५ बमोजिम गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## सम्पत्ति तथा जिन्सी मालसामानको लेखाङ्कन, मूल्य निर्धारण र प्रतिवेदन

३. **सम्पत्ति तथा जिन्सी मालसामानको लेखाङ्कन गर्नुपर्ने** : (१) समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको प्रक्रिया सुरु गर्नु अघि त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामान अनुसूची-१ बमोजिम वर्गीकरण गरी लेखाङ्कन गर्नु पर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम लेखाङ्कन गर्न कार्यालयबाट सम्बन्धित संस्था वा सङ्घ वा शाखा कार्यालयहरूमा टोली खटाई मुल्याङ्कन गराउनेछ।

(३) उपदफा (२) बमोजिम मुल्याङ्कन गर्न खटिएको टोलिले मुल्याङ्कन गर्दा समितिले

जारी गरेको बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३ ले तोकेको आधार बमोजिम गर्नुपर्छ।

(४) मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य निर्धारण गर्दा सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा सम्भव भएसम्म आयु, प्रयोग वर्ष, सम्बन्धित सम्पत्ति तथा जिन्सी मालसामानको बजार दर, अवशेष मूल्य समेतलाई आधार लिनुपर्नेछ।

(५) समितिले विशेष प्रकृतिको सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री गर्ने प्रयोजनको लागि उपदफा (२) बमोजिम मूल्याङ्कन गर्दा सम्बन्धित विषयको विशेषज्ञको सहयोग लिन सक्नेछ।

(६) खरिद वा प्राप्ति मूल्य खुलेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्दा ह्रासकट्टी गरी लिलाम बिक्रीको लागि न्यूनतम मूल्य सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम ह्रासकट्टी गर्दा अनुसूचि-१ बमोजिमको दर कायम गर्नुपर्नेछ।

समस्याग्रस्त संस्था व्यवस्थापन समिति

(८) ह्रासकट्टी गणना पश्चात त्यस्तो सम्पत्तिको कायम मूल्यमा कुनै थप खर्च घटाउनु पर्ने भएमा समितिले कारण खोली मूल्य घटाउन सक्नेछ।

(९) उपदफा (६) बमोजिमको ह्रासकट्टी तथा उपदफा (८) बमोजिमको खर्च घटाइ कायम भएको मूल्यलाई लिलाम प्रयोजनका लागि न्यूनतम मूल्य कायम गर्नु पर्नेछ।

(१०) मुल्याङ्कन टोलीले प्राविधिकबाट निरीक्षण गराई प्रतिवेदन लिएर लिलाम बिक्री गर्नुपर्ने यकिन गरी लिलाम गर्न मूल्य कायम गर्नुपर्दा ह्रासकट्टीपछिको मूल्यमा देहायका विषयलाई समेत विचार गरी न्यूनतम मूल्य सिफारिस गर्नु पर्नेछः-

(क) कार्यालयले यस अघि लिलाम बिक्री गरेको यस्तै प्रकृतिको सम्पत्ति तथा जिन्सी मालसामानको दररेट माग गरेर,

(ख) पुराना सम्पत्ति तथा जिन्सी मालसामानको खरिद बिक्री गर्ने फर्म, कम्पनी

वा व्यावसायिक संघसंस्थाबाट दररेट माग गरेर,

(ग) खण्ड (क) र (ख) बमोजिम दररेट प्राप्त हुन नसकेमा मूल्याङ्कन टोलीले आपसी छलफलबाट लिलाम बिक्री हुन सक्ने गरी दररेट निर्धारण गरेर,

(११) समितिले लिलाम बिक्री गर्नुपर्ने देखिएका सम्पत्ति तथा जिन्सी मालसामानलाई मूल्याङ्कन प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा मात्र त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको प्रक्रियामा समावेश गर्नु पर्नेछ।

(१२) समितिले मुल्याङ्कन प्रतिवेदन प्रणाली वा अन्य उपयुक्त विद्युतीय माध्यममा प्रविष्ट गरेपछि मात्र लिलाम बिक्री सम्बन्धी कार्य सुरू गर्नु पर्नेछ।

४. **सम्पत्तिको प्रकृति अनुसार न्यूनतम मूल्य निर्धारण गर्न तरिका** : मूल्याङ्कन समितिले देहायका सम्पतिको देहाय बमोजिम मूल्याङ्कन गर्नेछः-

(क) अचल सम्पत्ति (घर, जग्गा, भवन र भौतिक संरचना) को हकमा :

अचल सम्पत्तिको पञ्चकृत न्यूनतम मूल्य कायम गर्दा भूमि प्रशासन कार्यालयको सरकारी मूल्याङ्कन र चलनचल्तीको बजार मूल्यको औषतलाई आधार मान्नुपर्छ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि सरकारी मूल्याङ्कन भन्नाले सम्बन्धित भूमि प्रशासन कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको न्यूनतम सरकारी मूल्याङ्कन सम्झनुपर्छ र चलनचल्तीको बजार मूल्य भन्नाले सम्बन्धित वडा कार्यालयका प्रतिनिधि र स्थानीय रोहबरमा रहेका प्रतिनिधिले निर्धारण गरेको मूल्य सम्झनुपर्छ।

(ख) चल र जिन्सी सम्पत्ति (सवारी साधन, मेसिनरी, फर्निचर आदि) को हकमाः

जिन्सी सम्पत्तिको लिलाम गर्दा पञ्चकृत मूल्य कायम गर्नुपर्नेछ।

तर खरिद वा प्राप्ति मूल्य खुलेको हकमा अनुसूचि-१ बमोजिमको दरमा ह्रास कट्टी गरी मूल्याङ्कन गराएर न्यूनतम मूल्य कायम गर्नुपर्नेछ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(ग) वित्तीय सम्पत्ति (शेयर) को हकमाः

सूचीकृत कम्पनीको शेयरः नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सूचीकृत शेयर भएमा लिलामको सूचना प्रकाशन हुनुभन्दा अघिल्लो दिनको अन्तिम बजार मूल्यलाई आधार मानिनेछ।

गैर-सूचीकृत कम्पनीको शेयरः कम्पनीको पछिल्लो अडिट ब्यालेन्स सिटको नेटवर्थ (Book Value) लाई न्यूनतम मूल्य मानिनेछ।

## परिच्छेद-३

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी व्यवस्था

५. **धितो मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) ऋणीले सम्बन्धित समस्याग्रस्त संस्था वा सङ्घमा धितोको रुपमा राखेका सम्पत्ति एकीन गरी अभिलेख राखिनेछ।

(२) समितिले उपदफा (१) बमोजिमको धितोको मुल्याङ्कन गर्न कम्तिमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा एक धितो मूल्याङ्कन समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिमा आवश्यकता अनुसार

सम्बन्धित क्षेत्रको विज्ञ प्रतिनिधि आमन्त्रित गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिनिधि उपलब्ध गराइदिन समितिले सम्बन्धित निकायलाई अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमको मुल्याङ्कन समितिले धितो मुल्याङ्कन प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) धितो मूल्याङ्कन समितिले धितो मूल्याङ्कन गर्दा दफा ४ बमोजिमको प्रक्रिया वा सो बमोजिम मूल्याङ्कन हुन नसकेमा समितिले निर्धारण गरेको उपयुक्त विधि अपनाउन सक्नेछ।

६. **<u>सम्पत्ति रोक्का राख्ने</u>** : दफा ८ को उपदफा (३) बमोजिम सूचना प्रकाशन भएका व्यक्तिको धितो राखेको सम्पत्ति रोक्का राख्न बाँकी रहेको भए सम्बन्धित निकायमा पत्राचार गरी रोक्का राख्न लगाउनुपर्नेछ।

७. **<u>बैंक तथा वित्तीय संस्थाको दोहोरो रोक्का व्यवस्थापन</u>** : (१) बैंकमा पहिलो रोक्का रहेको तर सहकारीको समेत वित्तीय स्वार्थ वा दोस्रो रोक्का रहेको सम्पत्तिको हकमा समितिले

सम्बन्धित बैंकसँग समन्वय गरी संयुक्त लिलाम प्रक्रिया अगाडि बढाउन सक्नेछ।

(२) संयुक्त लिलामबाट प्राप्त भएको रकमबाट सर्वप्रथम बैंकको वास्तविक सावाँ र धितो सुरक्षणको सीमासम्मको व्याज भुक्तानी गरी बाँकी रहेको रकम समितिले आफ्नो स्वामित्वमा लिई बचत फिर्ताको प्रयोजनमा उपयोग गर्नेछ।

८. **सूचना प्रकाशन गर्ने** : (१) समितिले समस्याग्रस्त संस्था वा सङ्घमा ऋण दायित्व भई बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएका व्यक्तिहरूको नामनामेशी सहितको विवरण तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिहरूको नाममा बाटाको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न बुझाउन वा रकम तिरी बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाइनेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा त्यस्ता

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

व्यक्तिहरूको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गरिनेछ।

९. **<u>दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने</u>** : (१) दफा ८ को उपदफा (३) बमोजिमको सूचना बमोजिम सोही दफाको उपदफा (२) बमोजिमको म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाउनुपर्नेछ।

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको सूचना समस्याग्रस्त संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँसी स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ।

(३) दफा ३ बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी सूचना समितिको वेबसाइटको अतिरिक्त स्थानीय



समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्नेछ।

## परिच्छेद-४

## लिलाम बिक्री सम्बन्धी व्यवस्था

१०. **लिलाम बढाबढको माध्यमबाट लिलाम बिक्री गर्ने** : (१) समितिले लिलाम बिक्री गर्ने सम्पत्ति तथा जिन्सी मालसामान गोप्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नेछ।

(२) दफा ९ बमोजिम प्रकाशित सूचना अनुसार लिलाम प्रक्रियामा सहभागि हुन इच्छुक व्यक्ति तथा संस्थाले दरभाउपत्र दर्ता गराउन समिति समक्ष निवेदन दिनुपर्नेछ। त्यस्तो दरभाउपत्र गोप्य रुपमा सिलबन्दी गरिएको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा अचल सम्पत्तिको हकमा न्यूनतम कायम मूल्यको दश प्रतिशतले हुने रकम तथा चल सम्पत्तिको हकमा लिलाम सूचनामा उल्लेख भएबमोजिमको रकम धरौटी वा सो बराबरको बैंङ्क ग्यारेन्टि बुझाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम धरौटी रकम बुझाएको भौचर निवेदनसाथ प्राप्त भएमा

समितिले त्यस्तो व्यक्ति वा संस्थाको सिलबन्दी दरभाउपत्र दर्ता गर्नेछ।

(५) यस दफा बमोजिमको सिलबन्दी दरभाउपत्र लिलाम सम्बन्धी सूचनामा उल्लिखित अवधिभित्र पेश गरिसक्नुपर्नेछ। तोकिएको अवधिपछि परेका निवेदन उपर कुनै कारबाही चलाइने छैन साथै धरौटी बापतको रकम जम्मा गरिसकेको भए सो रकम फिर्ता हुने छैन।

(६) उपदफा (४) बमोजिम दर्ता भएका सिलबन्दी दरभाउपत्र लिलाम सम्बन्धी सूचनामा तोकिएको समयमा खोलिनेछ।

तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ।

(७) जुन व्यक्ति वा संस्थाको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्ति वा संस्थालाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समस्याग्रस्त संस्थाका साविकका सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदार साथै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीले समेत लिलाम प्रक्रियामा भाग लिन पाउने छैनन्।

(९) लिलाम बढाबढमा गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति वा संस्थाहरू मध्ये सबैभन्दा बढी दरभाउपत्र पेश भएको व्यक्ति वा संस्थाको नाममा लिलाम स्वीकृत गरिनेछ।

११. **<u>लिलाम सम्झौता</u>** : (१) दफा १० बमोजिम दरभाउपत्र स्वीकृत भएको व्यक्ति वा संस्थालाई लिलाम बिक्री सम्झौता गर्न सात दिनको समय दिई सूचना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्ति वा संस्थाले लिलाम बिक्री सम्झौता गरिसक्नुपर्नेछ अन्यथा स्वीकृत दरभाउपत्र रद्द गरिनेछ।



समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(३) उपदफा (२) बमोजिम लिलाम बिक्री सम्झौता हुन नसकेमा क्रमशः दोस्रो, तेस्रो कम रकम कबोल गर्ने व्यक्ति वा संस्थाको दरभाउपत्र स्वीकृत गरिनेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएकोमा सम्बन्धित व्यक्ति वा संस्थाले यस दफा बमोजिम लिलाम बिक्री सम्झौता गर्नुपर्नेछ।

(५) धितो लिलाम सकार गर्ने व्यक्ति सम्बन्धित सहकारीको बचतकर्ता भएमा निजको बचत रकम सम्पत्ति सकार्ने प्रयोजनको लागि निजको कायम बचतमा पचास प्रतिशत मिलान हुने गरी सम्झौता गर्न सकिनेछ।

तर त्यसरी बचत मिलान हुने गरी सम्झौता गर्दा धरौटी बाहेक कबोल अङ्कको न्यूनतम थप दश प्रतिशत रकम बैंक दाखिला गर्नुपर्नेछ।

(६) यस दफा बमोजिम लिलाम बिक्री सम्झौता गर्दा लिलाम सकार गर्ने पक्षले समितिले तोके बमोजिमको रकम तोकिएको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(७) यस दफा बमोजिम गरिने लिलाम बिक्री सम्झौताको ढाँचा अनुसूचि-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(८) सम्झौताको नमूनामा उल्लिखित सर्त बन्देजहरू समितिले निर्णय गरी आवश्यक परिमार्जन गर्न सक्नेछ।

१२. **<u>सम्झौता रद्द हुने</u>** : निम्न अवस्थामा लिलाम बिक्री सम्झौता रद्द हुनेछः

(क) लिलाम सकार गर्ने पक्षले सम्झौता बमोजिमको सर्त पालना नगरेमा,

(ख) लिलाम सकार गर्ने व्यक्तिको मृत्यु भएमा वा संस्था बन्द भएमा,

(ग) सम्झौताको बखतमा तोकिएको रकम दाखिला नगरेमा,

(घ) सम्झौतामा रद्द हुने भनि लेखिएकोमा सोही बमोजिम।

१३. **<u>पहिलो पटक लिलाम नभएमा मूल्य परिमार्जन गर्ने</u>** : (१) पहिलो पटकको लिलाम सूचनामा कसैको आवेदन नपरेमा वा तोकिएको न्यूनतम मूल्य भन्दा कम अङ्कको बोलपत्र प्राप्त भएमा वा दफा ११ बमोजिम सम्झौता हुन नसकेमा वा

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

दफा १२ बमोजिम सम्झौता रद्द भएमा समितिले दोस्रो पटक १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्न सक्नेछ।

(२) दोस्रो पटक सूचना निकाल्दा पहिलो पटक तोकिएको न्यूनतम मूल्यमा बढीमा दश प्रतिशतसम्म मूल्य घटाई परिमार्जित न्यूनतम मूल्य कायम गर्न सकिनेछ।

(३) दोस्रो पटक पनि लिलाम हुन नसकेमा समितिले बजारको अवस्था र सम्पत्तिको प्रकृति हेरी आपसी समझदारीको आधारमा सम्पत्ति बिक्री गर्न सक्नेछ।

१४. **<u>स्क्रयाप वा अवशेष सामग्रीको बिक्री</u>** : समितिले स्क्रयाप वा अवशेष सामग्रीको प्रति इकाइ मूल्य दुइ लाखभन्दा कम सिफारिस गरेकोमा आपसी समझदारीमा त्यस्तो सामग्रीको बिक्री गर्न सक्नेछ।

तर प्रति इकाइ मूल्य दुइ लाखभन्दा बढी सिफारिस गरेको अवस्थामा दफा १० बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ।

१५. **<u>लिलाम बिक्री स्थगित गर्न सक्ने</u>** : लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित

अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा समितिले सूचना प्रकाशन गरी त्यस्तो लिलाम बिक्री सोही सूचनामा तोकिएको समयका लागि स्थगित गर्न सक्नेछ।

१६. **लिलाम बिक्रीको मालसामान उठाइ लैजानु पर्ने** : (१) लिलाम बिक्रीको सम्झौता भएपछि लिलाम सकार गर्ने पक्षले एक्काइस दिनभित्र कबोल रकम बुझाई लिलाम सकार गरेको मालसामान जहाँ जुन अवस्थामा रहेको छ सोही अवस्थाबाट उठाई लैजानु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सामान उठाई नलगेमा समितिले लिलाम सकार गर्ने पक्षले राखेको धरौटी रकम जफत गर्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम धरौटी रकम जफत गरेपछि त्यस्तो धरौटी रकम बराबरसम्म कम रकम कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो वा चौथो क्रमका घटी कबोल गर्नेसँग सम्झौता गर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको सम्झौतामा लिलाम सकार गर्ने पक्षले सम्पत्ति तथा जिन्सी मालसामान उठाइ नलगेमा समितिले त्यस्तो पक्षले राखेको धरौटी तथा

सम्झौता बमोजिमको रकम जफत गरी सम्झौता रद्द गर्नु पर्नेछ र पुनः लिलाम बिक्रीको प्रक्रिया शुरू गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम लिलाम बिक्री बापतको रकम लिलाम सकार गर्ने व्यक्तिबाट प्राप्त भएपछि समितिले तोकेको कम्तिमा अधिकृतस्तरको कर्मचारीले लिलाम सकार गर्ने व्यक्ति वा फर्मलाई भरपाईमा दस्तखत गराई लिलाम सकार गरेको मालसामान पठाउनु पर्नेछ।

१७. **म्याद थप गर्न सक्ने** : (१) लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले काबु बाहिरको परिस्थिति परी वा अन्य कुनै कारणले लिलाम बिक्री भएका सम्पत्ति तथा जिन्सी मालसामान सम्झौतामा तोकिएको अवधिभित्र उठाई लैजान नसकेमा सोको कारण खुलाई त्यस्तो सम्झौता अवधिभित्रै समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा कारण मनासिब लागेमा समितिले सुरु सम्झौता अवधिको आधाभन्दा बढी नहुने गरी म्याद थप गर्न सक्नेछ।

१८. **बहालमा लगाउन सकिने** : (१) यस कार्यविधि बमोजिम लिलाम गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान लिलाम गर्नुअघि समितिले निर्णय गरी भाडा वा बहालमा लगाउन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम भाडा वा बहालमा लगाउने प्रयोजनका लागि भाडा सिफारिस गर्न एक सिफारिस समिति गठन गर्नेछ।

(३) सिफारिस समितिले भाडा निधारण गर्दा सम्बन्धित जिल्लाको जिल्ला दररेटलाई आधार बनाउनु पर्नेछ।

## परिच्छेद-५

## बचतकर्तालाई सम्पत्ति हस्तान्तरण गर्ने सम्बन्धी विशेष व्यवस्था

१९. **बचतकर्ताले सम्पत्ति सकार्न सक्ने** : (१) यस कार्यविधिको दफा ९ बमोजिम पटक पटक लिलाम गर्दा पनि सम्पत्ति बिक्री हुन नसकेमा समितिले सो सम्पत्ति अन्तिम तोकिएको न्यूनतम मूल्यमा सकार्न इच्छुक बचतकर्ताहरूका लागि सूचना जारी गर्न सक्नेछ।

(२) सम्पत्ति लिन चाहने बचतकर्ताको समितिबाट प्रमाणित भएको कायम बचतको

पचास प्रतिशतसम्म सम्पत्तिको मूल्य मिलान गरिनेछ।

(३) सम्पत्तिको मूल्य एकल बचतकर्ताको कायम बचतको पचास प्रतिशत भन्दा बढी भएमा दुई वा दुई भन्दा बढी बचतकर्ताहरू मिली संयुक्त रूपमा सो सम्पत्ति सकार्न सक्नेछन्।

(४) संयुक्त रूपमा सम्पत्ति सकार्दा बचतकर्ताहरूको कायम बचतको अनुपातको आधारमा स्वामित्वको हिस्सा निर्धारण गरिनेछ।

(५) सकार्न लागिएको सम्पत्तिको मूल्य बचतकर्ताको कुल कायम बचतको पचास प्रतिशत भन्दा बढी भएमा बढी भएको रकम सो बचतकर्ताले समितिको बैंक खातामा नगद जम्मा गर्नु पर्नेछ र सम्पत्तिको मूल्य कायम बचतको पचास प्रतिशत भन्दा कम भएमा बाँकी रहेको बचत रकम समितिको बाँकी फरफारक सूचीमा यथावत रहनेछ।

२०. **<u>बाधा अड्काउ फुकाउने</u>** : यस कार्यविधिमा उल्लेख नभएका वा कार्यविधि कार्यान्वयन गर्दा कुनै अस्पष्टता वा कठिनाइ उत्पन्न भएका विषयमा ऐनको भावना विपरित नहुने गरी

आवश्यक निर्णय गर्ने र बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

अनुसूचि-१

(दफा ३ को उपदफा (१) र (७) तथा दफा ४ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**लिलाम गर्ने सम्पत्ति तथा जिन्सी मालसामानको वर्गीकरण तथा मूल्याङ्कनको ह्रास कट्टी दररेट**

| क्र.सं. | सम्पत्तिको वर्गीकरण | ह्रासकट्टी दर |
|---|---|---|
| १. | कम्प्यूटर तथा सूचना प्रविधिसँग सम्बन्धित उपकरण | पच्चीस प्रतिशत |
| २. | फर्निचर तथा फिक्चर्स | पच्चीस प्रतिशत |
| ३. | अटोमोबाइल्स, बस तथा मिनिबस र सवारी साधन | बीस प्रतिशत |
| ४. | निर्माण तथा उत्खनन् सम्बन्धी उपकरण | पन्ध्र प्रतिशत |
| ५. | अन्य उपकरण | पन्ध्र प्रतिशत |

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

अनुसूचि-२

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

**सम्झौताको नमूना**

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

संवत् ...../.../... गतेका दिन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति (यसपछि “समिति” भनिएको) र ..................................(लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनी) (यसपछि “लिलाम सकार गर्ने पक्ष” भनिएको) बीच लिलाम बढाबढको माध्यमद्वारा विक्रीको लागि मिति.................मा प्रकाशित सूचना अनुसार लिलाम बिक्री गरिने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्बन्धमा मिति.........लिलाम बढाबढमा बढी रकम कबोल गरेकोले यस समितिको मिति............को निर्णय अनुसार उक्त कबोल अङ्क स्वीकृत भएकोले यो सम्झौता गरिएको छ।

१. सम्झौताको अवधि.................दिनको हुनेछ।
२. लिलाम बिक्रीको कबोल रकम रु.................अक्षरूपी रहेको छ।
३. लिलाम बिक्री कबोल गरेको सम्पूर्ण रकम यो सम्झौता भएको मितिले.... दिन भित्र बैङ्कमार्फत जम्मा गर्नुपर्नेछ।
४. सम्झौता गर्दा लिलाम सकार गर्ने पक्षले कायम न्यूनतम मूल्यको........प्रतिशत रकम समितिको.................... खातामा जम्मा गर्नुपर्नेछ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

५. लिलाम सकार गर्ने पक्षले सकार गरेको मालसामान जस्तो अवस्थामा छ सोही अवस्थामा यो सम्झौता भएको मितिले २१ दिनभित्र उठाई लैजानु पर्नेछ। अचल सम्पत्तिको हकमा समितिले..........दिनभित्र हकहस्तान्तरण सम्बन्धी प्रक्रिया पुरा गर्नेछ।

६. सम्पत्ति तथा जिन्सी मालसामानको लोडअनलोड सम्बन्धी सम्पूर्ण खर्च लिलाम सकार गर्ने पक्ष आफैंले व्यहोर्नु पर्नेछ।

७. सम्पति तथा जिन्सी मालसामान ढुवानी गर्दा कर लाग्ने भएमा त्यस्तो कर लिलाम सकार गर्ने पक्ष स्वयंले व्यहोर्नु पर्नेछ। कुनै कर तिरे बापतको रकमको शोधभर्ना समितिबाट दिइने छैन।

८. लिलाम सकार गर्ने पक्षले सकार गरेको मालसामान उठाउन चाहेको समय (कार्यालय समयभित्र) समितिले उपलब्ध गराउनुपर्नेछ।

९. सम्झौता अवधिमा काबू बाहिरको परिस्थिती परी मालसामान उठाई लैजान नसकेमा सम्झौता अवधिभित्रै म्याद थपको लागि निवेदन दिन सकिनेछ।

१०. सम्झौता अवधि समाप्त भएपछि लिलाम सकार गर्ने पक्षले मालसामान उठाई नलगेमा धरौटी वापत राखेको रकम जफत गरी सम्झौता अन्य गरिनेछ।

११. यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| ............................. | ........................... |
| लिलाम सकार गर्नेको तर्फबाट | कार्यालयको तर्फबाट |

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

| | |
|---|---|
| नामः | नामः |
| ठेगानाः | पदः |
| मितिः | मितिः |
| दस्तखतः | दस्तखतः |

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति